Australian Government
Australian Taxation Office

# पहिलो पटक कर तिर्ने बारेमा सहायता

**अष्ट्रेलियामा नयाँ हुनुहुन्छ ? Australian Taxation Office (ATO) ले तपाईंलाई पहिलो पटक कर तिर्दा के गर्नुपर्छ भन्ने बारेमा सहायता गर्छ ।**

## ककसले कर फिर्ता फाराम पेस गर्नु पर्छ ?

प्रायजसो सबै मान्छेले प्रत्येक वर्ष कर फिर्ता फाराम भरेर ATO मा पेस गर्नु पर्ने हुन्छ ।

## मैले किन कर फिर्ता फाराम पेस गर्नु पर्छ ?

ATO ले तपाईंले कुनै आर्थिक वर्षमा कति रकम कमाउनुभयो र तपाईं आफ्नो आयबाट के के कट्टा गरेर कर तिर्न सक्नुहुन्छ भन्ने कुरा यकिन गर्नु पर्ने हुन्छ । तपाईंले पेस गरेको फारामको आधारमा तपाईंले थप कर (कर बिल) तिर्नु पर्छ वा तपाईं रकम फिर्ता (कर फिर्ता) प्राप्त गर्नुहुन्छ भन्ने कुरा यकिन गर्न सकिन्छ ।

अष्ट्रेलियाको आर्थिक वर्ष 1 जुलाई र 30 जुनको बीचमा पर्छ ।

## मैले कहिले कर फिर्ता फाराम पेस गर्नु पर्छ ?

रोजगारदाता, बैंक तथा अन्य व्यवसायहरूले ATO लाई आफूसँग काम गर्ने व्यक्तिहरूको बारेमा जानकारी प्रदान गर्छन् । तपाईंले जुलाईको अन्तिमसम्म कुर्नुभयो भने ATO ले यी जानकारी तपाईंको कर फिर्ता फाराममा समावेश गर्छ । यसले कर फिर्ता फाराम पेस गर्न सहज बनाउँछ ।

तपाईं आफै यो काम गर्दै हुनुहुन्छ भने तपाईंले अक्टोबर 31 भित्र यो काम गरिसक्नु पर्छ ।
तर तपाईं कुनै कर एजेन्टको सहयोगले यो काम गर्न खोज्दै हुनुहुन्छ भने तपाईंले अक्टोबर 31अगाडि नै ती एजेन्टलाई सम्पर्क गर्नु पर्ने हुन्छ ।

## म कसरी कर फिर्ता फाराम पेस गर्न सक्छु ?

तपाईं आफै कर फिर्ता फाराम पेस गर्दै हुनुहुन्छ भने तपाईं myTax प्रयोग गरी अनलाइनबाट यो काम गर्न सक्नुहुन्छ ।
तपाईं कुनै कर एजेन्टको सहयोग लिँदै हुनुहुन्छ भने तपाईंले कसरी गर्ने भन्ने बारेमा ती कर एजेन्टसँगै सम्पर्क गर्नु पर्ने हुन्छ ।

## कर फिर्ता फाराम पेस गर्न मसँग केके जानकारी हुनुपर्छ ?

तपाईंसँग निम्न कुराहरू हुनुपर्छ:

- tax file number (TFN)
- तपाईं कर फिर्ता प्राप्त गर्दै हुनुहुन्छ भने बैंक खाताको विवरण
- आयको विवरण- तपाईंले कमाएको रकमको प्रमाण पेस गर्न
  - तपाईंका सबै रोजगारदाताले तपाईंलाई दिएको इनकम स्टेटमेन्ट
  - Centrelink बाट प्राप्त हुने भुक्तानी सारांश
- कटौती तथा खर्चको विवरण- तपाईंले दाबी गर्न खोज्नुभएको कटौती पुष्टि गर्न
  - कामसम्बन्धी खर्च, दान वा उपहारको भरपाई

तपाईं myTax प्रयोग गरी अनलाइनबाट कर फिर्ता फाराम पेस गर्दै हुनुहुन्छ भने तपाईंसँग myGov युजर आइडी र पासवर्ड हुनुपर्छ। तपाईंसँग myGov खाता छैन भने तपाईं सो खाता बनाएर my.gov.au मा गई सो खातालाई ATO सँग लिङ्क गर्न सक्नुहुन्छ (अंग्रेजीमा)।

## मैले कुन कुन आय समावेश गर्नु पर्छ ?

तपाईंले एक आर्थिक वर्षमा गरेका सबै आय समावेश गर्नु पर्ने हुन्छ। यसको अर्थ हो तपाईंले आफ्ना सबै रोजगारी लगायत निम्न कुराहरूबाट प्राप्त आय समावेश गर्नु पर्ने हुन्छ:

- फुल टाइम काम
- पार्ट टाइम काम
- क्याजुअल वा अड (अनौठा) काम
- स्व: रोजगार
- नगदी काम

तपाईंले निम्न लगायतका अन्य विधाबाट कमाएको आय पनि पेस गर्नु पर्ने हुन्छ:

- अनलाइन गतिविधि
- साझा सम्पती
- क्राउडफन्डिङ
- व्यक्तिगत सेवासम्बन्धी आय
- वैदेशिक आय र वैदेशिक लगानीबाट प्राप्त आय
- बैंकबाट प्राप्त ब्याज
- सरकारी भुक्तानी (Centrelink आदिबाट)
- भाडाबाट प्राप्त रकम
- सेयरबाट प्राप्त लाभांश

सबै प्रकारका आम्दानीहरूलाई आफ्नो कर फिर्ता फाराममा पेस गर्नु पर्छ भन्ने कुरा सम्झनुहोला।

**अस्वीकृति:** यो साधारण जानकारी मात्र हो र यो जानकारी 3 मार्च 2023 मा अध्यावधिक गरिएको हो।

तपाईं यो जानकारी कपी गर्न, प्रयोग गर्न, संशोधन गर्न, प्रशारण गर्न र वितरण गर्न स्वतन्त्र हुनुहुन्छ (तर यसो गर्दा ATO वा Commonwealth ले तपाईं वा तपाईंका सेवा वा उत्पादनलाई मान्यता दिएको छ भन्ने कुरा झल्किनु हुँदैन।

## म कुन कुन रकम कट्टा गर्न सक्छु ?

तपाईं आफ्नो कामसँग सम्बन्धित खर्च बापत् रकम कट्टा गर्न पाउनुहुन्छ । रोजगारीसम्बन्धी खर्च कट्टा गर्न तपाईंले तीन वटा मापदण्ड पूरा गर्नु पर्ने हुन्छ:

1. तपाईंले आफैं खर्च गरेको हुनु पर्छ र तपाईंले सो खर्च बापत भुक्तानी प्राप्त गरेको हुनु हुँदैन
2. तपाईंले यो खर्च आय आर्जन गर्ने प्रयोजनका लागि गरेको हुनु पर्छ
3. तपाईंसँग सम्बन्धित खर्चको अभिलेख वा प्रमाण (बिल आदि) हुनु पर्छ

सामान्यतया कट्टा गर्न सकिने खर्चहरूमा निम्न खर्च पर्छन्:

- सवारी साधन तथा यात्रा खर्च
- कपडा, लन्ड्री र ड्राइ-क्लिनिङ खर्च
- घर मै अवस्थित अफिसको खर्च
- स्व: अध्ययन खर्च
- उपकरण तथा औजार खर्च ।

तपाईं ATO को वेबसाइट ato.gov.au/deductions (अंग्रेजीमा) गई कट्टा गर्न पाउने खर्चको बारेमा थप जान्न सक्नुहुन्छ ।

तपाईंले आफूले दाबी गर्ने हरेको खर्चको सम्बन्धमा भरपाई जस्ता प्रमाण पेस गर्नु पर्ने हुन्छ । तपाईंले यस्ता प्रमाणहरू कम्तीमा पाँच वर्षसम्म राख्नु पर्छ । ATO जुन सुकै बेला तपाईंसँग ती प्रमाण माग्न सक्छ ।

## सहयोग प्राप्त हुने स्थानहरू

थप जानकारीको लागि ATO को वेबसाइट ato.gov.au/TaxTimeResources हेर्नुहोस् ।

तपाईं मान्यताप्राप्त कर एजेन्टबाट पनि सहयोग लिन सक्नुहुन्छ ।

## (अंग्रेजीमा) उपलब्ध श्रोतहरू

- Income, deductions, offsets and records
- Deductions you can claim
- Your tax return
- Finding and using a tax practitioner
- Records you need to keep

## करसम्बन्धी पदावलीहरूको परिभाषा

- कर फिर्ता फाराम- तपाईंले हरेक वर्ष भरेर ATO लाई पठाउने फाराम । ATO लाई पेस गरिने यो फाराममा तपाईं आफूले गरेको आम्दानी र तिरिसकेको कर रकम उल्लेख गर्नु हुने छ ।

**अस्वीकृति:** यो साधारण जानकारी मात्र हो र यो जानकारी 3 मार्च 2023 मा अध्यावधिक गरिएको हो ।

तपाईं यो जानकारी कपी गर्न, प्रयोग गर्न, संशोधन गर्न, प्रशारण गर्न र वितरण गर्न स्वतन्त्र हुनुहुन्छ (तर यसो गर्दा ATO वा Commonwealth ले तपाईं वा तपाईंका सेवा वा उत्पादनलाई मान्यता दिएको छ भन्ने कुरा झल्किनु हुँदैन ।

- कटौती- कहिलेकाहीँ तपाईंले आफ्नो काममा सहयोग गर्ने उपकरण तथा औजारहरू जस्ता कुराहरू किन्नु पर्ने हुन्छ । तपाईं यी रकम कटाएर कर निर्धारण गर्न र तिर्न पाउनु हुन्छ । यसलाई कटौती भनिन्छ ।
- आय- काम, लगानी तथा बिक्रीबाट तपाईंले कमाएको रकम ।
- कर एजेन्ट- तपाईंले कर र सुपरसम्बन्धी काम गराउन पैसा दिएर काम लगाएको व्यक्ति वा संस्था ।

**अस्वीकृति:** यो साधारण जानकारी मात्र हो र यो जानकारी 3 मार्च 2023 मा अध्यावधिक गरिएको हो ।

तपाईं यो जानकारी कपी गर्न, प्रयोग गर्न, संशोधन गर्न, प्रशारण गर्न र वितरण गर्न स्वतन्त्र हुनुहुन्छ (तर यसो गर्दा ATO वा Commonwealth ले तपाईं वा तपाईंका सेवा वा उत्पादनलाई मान्यता दिएको छ भन्ने कुरा झल्किनु हुँदैन ।